आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट ,गोरखा
गण्डकी प्रदेश ,नेपाल

# नदी जन्यपदार्थको बिक्री शुल्क उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०७६/०६/१**

आरुघाट गाउँपालिकाको कार्यपालिकाको निर्णय बमोजिम आ.व. २०७६/०७७ को लागि गण्डकी प्रदेशको कार्यबिधि बमोजिम यस कार्यालयले निर्धारण गरेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी आरुघाट गाउँपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका स्थानहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली फर्म, संस्था वा कम्पनीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

## तपसिल

| ठेक्का नं | ठेक्का विवरण | अधिकतम परिणाम (घ.मि.) | न्यूनतम ठेक्का अंक रु. (मु.अ.क.बाहेक) | दरभाउत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| ०१-०७६/०७७ | **खण्ड क.** १. मौदी खोलाको बिलाउने बगर, लामबगर, स्तुलखोलाको पुलमाथि,तल, झोलुंगेमुख वरपर,कालढुंगा मुनी, बगर,गोल्छुक,पाताल क्षेत्र,अलैचे खहरे खोला दोभान क्षेत्र | ९२०६.१५ | १२,८८,८६१.००/- ( बाह लाख अठासी हजार आठ सय एकसठ्ठी रुपैया मात्र ) | १,०००/- | कबोल अंकको ५ (पाँच ) प्रतिशत |
| ०२-०७६/०७७ | **खण्ड ख .** अठ्ठाइसे बगर,बुढीगण्डकी र स्तुल खोला दोभान र चापानी बगर | १४९८४.२ | २०,९७,७८८/- ( बिस लाख सन्तानब्बे हजार सात सय अठासी रुपैया मात्र . ) | ३,०००/- | कबोल अंकको ५ (पाँच ) प्रतिशत |
| ०३-०७६/०७७ | **खण्ड ग .** बुढीगण्डकी नदीको आर्खेत ग्राउण्ड वरपर, आर्खेत खोला दोभान उत्तर र आर्खेत खोला दोभान दक्षिण क्षेत्र, शान्तिबजार क्षेत्र | ११११२०.९ | १५,५६,९२६/- (पन्ध्र लाख छपन्न हजार नौ सय छब्बीस रुपैया मात्र) | १,०००/- | कबोल अंकको ५ (पाँच ) प्रतिशत |

- नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) को दर प्रति घ.मि.(मु.अ.क.बाहेक) रु.१४०/-(एक सय चालिस )

आरुघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आरुघाट, गोरखा गण्डकी प्रदेश, नेपाल

७६।६।१
प्रमुख प्रशासकीय अधिकृत

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र सम्बन्धी अत्यावश्यक शर्तहरु:**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट मात्र खरिद गर्न सकिनेछ । खरिद भएको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग भरी फर्म, संस्था वा कम्पनीहरुले प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा मात्र दर्ता गर्नु पर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म, संस्था वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.करको प्रमाण पत्र तथा आ.व. ०७५/०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

**वा**

बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म PPMO's को website **http://www.bolpatra.gov.np/egp** बाट Download गर्न सकिनेछ । बोलपत्र फारम दस्तुर वापतको रकम यस कार्यालयको रा.बा. बैंक आरुघाट शाखामा रहेको संचित खाता नं.**३०६०३०४०१८१०४** मा जम्मा गरको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ । बोलपत्र फारामहरु भरी ३१ औं दिनको १२.०० बजे सम्म PPMO's को **website http://www. bolpatra.gov.np/egp** मा सबै कागजातहरु ( फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७५/०७६ को कर चूक्ताको प्रमाणित प्रतिलिपी) Scan गरी PDF format मा बोलपत्र साथ पेश गर्नू पर्नेछ ।

२. बोलपत्र खरिद गर्ने,दर्ता गर्ने तथा खोल्ने दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

३. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको रा.बा. बैंक आरुघाट शाखामा रहेको धरौटी खाता नं. ३०६०३०३००७१०४ मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० (एक सय बीस ) दिन म्याद भएको जमानी पत्र (बीड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ । कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

४. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलव्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन, तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. बोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र बोलपत्रदाताको नाम,ठेगाना,सम्पर्क नम्वर स्पष्ट लेख्नुपर्नेछ।

६. ढुंङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन समिति एवं नगरस्तरीय अनुगमन समितिबाट निर्देशन भए वमोजिम हुनेछ ।

७. ढुंङ्गा, गिटी, बालुवाको उत्खनन्, संकलन तथा बिक्री कार्य गर्दा जिल्ला समन्वय समितिको कार्यालय गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।

८. यस सूचनामा उल्लेख नभएका विषयहरु आरुघाट गाउँपालिकाको कार्यपालिकाको निर्णय, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

९. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत